का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ भदौ २०८२
बिहीबार
4 September 2025
Thursday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न



# बेपत्ताको पर्खाइमै बित्यो २० वर्ष

## राहतमै अल्झियो राज्य, न्याय खोज्नेहरू निराश



नेपालबाट सशस्त्र द्वन्द्व अन्त्य भएको दुई दशक बित्यो।तरअझैसम्म द्वन्द्वकालीन मुद्दा टुंगिएको छैन । सरकार राहतमै अल्झिँदा न्याय खोज्नेहरू निराश हुन थालेका छन् ।

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १८ भदौ

२०६० साउन २३ गतेको सुर्खेत वीरेन्द्रनगर-१० की दीपा ओली परिवारका लागि जीवनभरको घाउ बनेर हराइन् । इत्राम स्कुलमा कक्षा ८ मा अध्ययनरत दीपा त्यस दिन विद्यालय पुगिन् तर घर फर्किनन् । परिवारका सदस्य र आफन्तले चारैतिर खोज्दासमेत पत्तो नलागेपछि तत्कालीन विद्रोही समूह माओवादीले अपहरण गरेको शंका गरे । बेपत्ता भएको २२ वर्ष बितिसक्दा पनि परिवारले उनको न सास न लास पाउन सकेको छैन । उनका भाइ ऋषि वली आज पनि न्याय पर्खाइमा छन् ।

'इत्राम स्कुलमा कक्षा ८ मा पढ्दै गरेकी दिदीलाई अपहरण गरी बेपत्ता पारियो । न्यायको लडाइँ लड्दा लड्दै पीडाले आमा-बुबाले पनि ज्यान गुमाउनुभयो' उनले भने, 'बुबा, आमाको सपना पूरा गर्न र दिदीको न्यायका लागि म लडिरहेको छुँ ।'

दिदीको पीडामा आमाबुबा बितेको उनले बताए । आफू अझै पनि बुबाआमाको सपना पूरा गर्ने र दिदीको न्यायका लागि संघर्षरत रहेको उनले बताए । पृष्ठ २ मा


## काम गर्दै आयोग प्रगतिबारे बेखबर

द्वन्द्व समाप्त भएर विस्तृत शान्ति सम्झौता भएको १९ वर्ष भइसकेको छ ।

तर बेपत्ता मुद्दा अझै टुंगो लाग्न सकेको छैन । यसबीच राज्यले विभिन्न नामका आयोग बनायो । जसमा सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता छानबिन आयोग, मानवअधिकार आयोगका संयन्त्रहरू । तर पीडितका अनुसार यी आयोगहरूले पीडामा मलम लगाउन त परै जाओस्, घाउ झन् चर्क्याउने काम मात्रै गरे । राष्ट्रिय मानवअधिकार आयोग कर्णाली प्रदेश कार्यालयका प्रमुख रमेशकुमार थापाले पृष्ठ २ मा

# दुई तिहाइको सरकार, संसदमा पुग्दैन गणपूरक

सत्तापक्षमा रहेका दलका सांसदहरूको संख्या १ सय ९२ छ । तर विधेयक अगाडि बढाउन खोज्दा संसदमा जम्मा ४९ जना सांसद भेटिने दृश्यले सत्तारूढ दल र सांसदहरू दुवैको जिम्मेवारीप्रतिको लगावमा प्रश्न उठाएको छ ।




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ भदौ

बुधबार प्रतिनिधि सभाबाट नेपाल पशु चिकित्सा परिषद् (पहिलो संशोधन) विधेयक, २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव पारित गर्ने कार्यसूची थियो ।

सभामुख देवराज घिमिरेले समय दिएपछि सभामा कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले 'यसमाथि विचार गरियोस्' भन्ने प्रस्ताव



प्रस्तुत गरे । संसदमा उपस्थित सांसदहरूले धारणा राखे । त्यसपछि सभामुख घिमिरेले नेपाल पशु चिकित्सा परिषद् पहिलो संशोधन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गरे ।

त्यसक्रममा कृषि तथा पशुपन्छी विकासमन्त्री अधिकारीले पशु चिकित्सा व्यवसायलाई परिभाषित गर्दै पशु चिकित्सक र निज अध्ययन गर्ने शैक्षिक संस्थाको नियमनलाई थप स्पष्ट पार्न खोजिएको जानकारी दिएका थिए ।

यो ऐनले पशुपालन वा पशु विज्ञान अध्ययन गरेका पशु चिकित्सकबाहेकका अन्य प्राविधिक वा विशेषज्ञ जनशक्तिलाई नियमन नगर्ने बताउँदै मन्त्री अधिकारीले पशुपालक किसानले गुणस्तरीय सेवा उपभोगको संवैधानिक हकलाई सुनिश्चित गर्न खोजिएको बताए ।

उनले पशुको निरोगिता प्रमाणपत्र, मानव स्वास्थ्यलाई असर पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कोरियाको ई-७ भिसाको नाममा गैरकानुनी रकम असुलीप्रति विभागको गम्भीर ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ भदौ

वैदेशिक रोजगार विभागले पछिल्ला केही दिनमा ई-७ भिसामार्फत रोजगारीका लागि दक्षिण कोरिया पठाइदिन्छु भन्दै गैरकानुनी रूपमा रकम असुली भइरहेको भन्दै त्यस विषयमा गम्भीर ध्यानाकर्षण भएको बताएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट दक्षिण कोरियामा सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि २०८० साल फागुन १७ गते स्वीकृत भएको र गत असार १३ गते त्यसमा संशोधनसहित अन्तिम स्वीकृत भएपश्चात कार्यान्वयनको चरणमा रहेको, तर हालसम्म आधिकारिक रूपमा ई-७ भिसामा पठाउने प्रक्रिया स्वरूप कुनै पनि संस्थालाई पूर्वस्वीकृति दिने कार्य सुरु नभएको विभागले बताएको छ ।

दक्षिण कोरियास्थित नेपाली दूतावासबाट भदौ १७ गते प्रकाशित भएको विज्ञप्तिमा समेत हालसम्म ई-७ भिसाका लागि कार्यविधिमा उल्लेखित प्रक्रियाहरु पूरा गरी मागपत्र प्रमाणीकरणका लागि कुनै पनि आवेदन नआएको उल्लेख छ । यस्तो अवस्थामा कुनै पनि व्यक्ति वा संस्थाले सामाजिक सञ्जाललगायत अनधिकृत तवरले ई-७ भिसामा दक्षिण कोरिया पठाउँछु भनी रकम माग गर्नु पूर्ण रूपमा गैरकानुनी हुने विभागको भनाइ छ ।

कसैले ई-७ भिसामा दक्षिण कोरिया पठाउँछु भनी रकम माग गरे वा आश्वासन दिएमा त्यस प्रकारको प्रलोभनमा परी अनधिकृत व्यक्ति वा संस्थालाई रकम बुझाउने काम नगर्न/नगराउन आग्रहसमेत गरेको छ ।

कोरियाले ई-९ र ई-७ गरी दुई वटा भिसा प्रणालीमार्फत विदेशबाट कामदार लैजाने गरेको छ । ई-९ भिसा सामान्य कामदारका लागि र ई-७ भिसा दक्ष कामदारका लागि दिइने गरेको छ ।

श्रम मन्त्रालयले कार्यविधि बनाएर कम्पनी टु कम्पनीमार्फत ई-७ भिसा प्रणाली खुला गरेको छ । इपिएस प्रणालीबाट ई-९ भिसामार्फत नेपाली कामदार गइरहेको कोरियामा ई-७ भिसा प्रणाली सुरुवात गरे त्यसमा निजी क्षेत्रले ठुलो संख्यामा कामदार पठाउने र रेमिट्यान्समा वृद्धि हुने धेरैको भनाइ छ ।

मन्त्रालयको स्वीकृत प्रक्रियाअनुसार ई-७ भिसामा कोरिया रोजगारीमा जान इच्छुक कामदारहरूलाई तालिम दिन पूर्ण समय प्रयोग गर्न सकिने म्यानपावर कम्पनीहरूले आफ्नै तालिम केन्द्र वा तालिम केन्द्र भाडामा लिनुपर्ने विभागले बताएको छ । त्यसैगरी तालिम केन्द्रहरूमा कम्तीमा दुई प्रमाणित कोरियाली भाषा पृष्ठ २ मा

## संघ सल्लाहकारमा जैसी

**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष एवं कान्तिपुर मेनपावर सर्भिस प्रालिका सञ्चालक धनलाल जैसीलाई सल्लाहकारमा चयन गरेको छ ।



यसअघि तीन जना सल्लाहकार चयन गरेको संघले रिक्त रहेको एक सल्लाहकार पदमा व्यवसायी जैसीलाई मनोनीत गरेको हो ।

गणतान्त्रिक मञ्च र नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले संघको गत निर्वाचनमा सहमति गरेर प्यानल खडा गरेका थिए । सोही सहमति कार्यान्वयन गरी जैसीलाई सल्लाहकार चयन गरिएको बताइएको छ ।

संघले यसअघि प्रमुख सल्लाहकारमा संघका पूर्वअध्यक्ष नुर अपरच्युनिटिज ओभरसिज प्रालिका सञ्चालक तिलकबहादुर रानाभाट पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१९ भदौ २०८२ बिहीबार
4 September 2025 Thursday

# विधान महाधिवेशनमा पूर्वराष्ट्रपति भण्डारीको पार्टी सदस्यताबारे छलफल गर्न मिल्दैन : शंकर पोखरेल



**काठमाडौं/मस–**नेकपा एमालेका महासचिव शंकर पोखरेल पार्टीको दोस्रो विधान महाधिवेशनमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यताबारे फरक मत प्रस्तुत गर्न नमिल्ने बताएका छन् ।

महासचिव पोखरेलले विधान महाधिवेशनमा पार्टीको दस्तावेजमाथि मात्रै छलफल हुने वैधानिक व्यवस्था भएकाले पूर्वराष्ट्रपति भण्डारीको पार्टी सदस्यताबारेको फरक मत राख्न नमिल्ने तर्क गरेका हुन् ।

बुधबार पार्टी मुख्यालय च्यासलमा विधान महावेशनबारे आयोजित पत्रकार सम्मेलनमा महासचिव पोखरेलले सो विषयमा पार्टीका उपाध्यक्षद्वय युवराज ज्ञवाली र सुरेन्द्र पाण्डेले पार्टी केन्द्रिय कमिटी बैठकमा फरक मत राखेको भएपनि पार्टी कमिटीको निर्णयमाथिको सो फरक मत विधान महाधिवेशनमा छलफलको विषय गर्न विधानले नदिने जिकिर समेत गरे ।

पार्टीका उपाध्यक्ष पाण्डेले सो विषयमा विधान महाधिवेशनमा फरक मत राख्ने घोषणा गरिसकेका छन् । तर महासचिव पोखरेलले विधान महाधिवेशनमा विधानसँग सम्बन्धित विषयमा मात्रै फरक मत राख्न सकिने बताए । उनले विधान अधिवेशनमा विधानसँग सम्बन्धित विषयमा मात्रै फरक मत राख्न सकिने उल्लेख गरे । पार्टी निर्णयको असहमति पार्टीको राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्न उचित हुने उनको भनाइ थियो ।

यही भदौ २० देखि २२ गतेसम्म ललितपुरको गोदावरीमा एमालेले दोस्रो राष्ट्रिय विधान अधिवेशन गर्दैछ। अधिवेशनमा अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नेछन् । त्यसैगरी उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधन प्रस्ताव र महासचिव पोखरेलले संगठनात्मक प्रस्ताव प्रस्तुत गर्नेछन् । महासचिव पोखरेलले सोही विषयमा केन्द्रित रहेर विधान महाधिवेशनमा छलफल हुने कार्यसूची रहेको बताए । एमालेले विधान महाधिवेशनमा लागि हुने खर्च पार्टी केन्द्रीय कमिटीले नै व्यहोर्ने जनाएको छ ।

# गेरुवाको पशुपति मावि तीनतारे विद्यालय घोषणा

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १८ भदौ



गेरुवा गाउँपालिका-५ पशुपतिनगरस्थित पशुपति माध्यमिक विद्यालयलाई तीनतारे विद्यालय घोषणा गरिएको छ । २०२० सालमा स्थापना भएको विद्यालयले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी १० सूचक पूरा गरेपछि गाउँपालिकाले प्रमाणीकरण गर्दै घोषणा गरेको हो ।

वास गेन्स परियोजनाको सहयोगमा आयोजित कार्यक्रममा नेपाली कांग्रेसका सह-महामन्त्री किशोर सिंह राठौरले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खडक बहादुर शाहलाई प्रमाणपत्र प्रदान गर्दै विद्यालयलाई तीन तारे घोषणा गरेका हुन् ।

घोषणा सभालाई सम्बोधन गर्दै सह-महामन्त्री राठौरले विद्यालय तीन तारे घोषणा हुनु विद्यालयले स्वच्छ, सुरक्षित र विद्यार्थीमैत्री वातावरण बनाउन गरेको प्रयासको आधिकारिक मान्यता भएको बताए । उनले भने,'यो घोषणाको दिगोपन सुनिश्चित गर्न शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्थानीय तहदेखि प्रदेश सरकारसम्म सबैको साझा जिम्मेवारी हुन्छ ।' साथै, उनले शिक्षा गुणस्तरीय बनाउन शिक्षकहरूले सिकाइमा अझ जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिए ।

गेरुवा गाउँपालिकाका अध्यक्ष जमान सिंह केसीले पालिकाका सबै विद्यालयलाई क्रमशः तीन तारे विद्यालय घोषणा गर्ने लक्ष्य रहेको बताए । उनले भने, 'तीन तारे विद्यालय अभियानमार्फत हामीले गुणस्तरीय शिक्षा, सुरक्षित विद्यालय र विद्यार्थीमैत्री वातावरण निर्माण गर्ने दृढसंकल्प गरेका छौं ।'

गाउँपालिकाले विद्यालयस्तरमै खानेपानी, सरसफाइ, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन, विपत् जोखिम व्यवस्थापनलगायत १० सूचक समेटिएको कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपाल सरकारले ल्याएको तीन तारे पद्धति अनुरूप गुणस्तरीय शिक्षा सुनिश्चित गर्न गाउँपालिकाले अभियान अघि बढाएको बताउँदै वाटर एड नेपालका परियोजना प्रबन्धक उमाशंकर यादवले निकट भविष्यमै पालिकाका सम्पूर्ण विद्यालय तीन तारे घोषणा हुने विश्वास व्यक्त गरे ।


यस अभियानमा युके एड, वाटर एड नेपाल, नेपाल प्रजनन् स्वास्थ्य स्याहार केन्द्र र राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्राविधिक साझेदारीमा वेस संस्थाले सहयोग गरिरहेको छ । हाल पालिकाका ४ माध्यमिक र २ आधारभूत विद्यालयमा वास गेन्स परियोजना सञ्चालनमा छन् ।

सो अवसरमा विद्यालयलाई तीन तारे बनाउन सहयोग गर्ने व्यक्तिहरु र संस्थाहरुलाई सम्मानसमेत गरिएको थियो ।

गुणस्तरीय शिक्षाका लागि भौतिक पूर्वाधार, स्वच्छता र सुरक्षित वातावरण अपरिहार्य हुने भन्दै विद्यालयलाई तीन तारे घोषणा गर्नु केवल उपाधि मात्र नभइ शिक्षा सुधारको ठोस संकेत भएको उल्लेख गरियो । तर यसलाई दीर्घकालीन बनाउन शिक्षक, अभिभावक र समुदायको निरन्तर सक्रियता अनिवार्य हुने चेतावनी दिइयो। योजनाबद्ध ढंगले काम नगरेमा यो उपलब्धि केवल औपचारिकतामा सीमित हुने जोखिम रहने पनि बताइएको छ ।

## व्यवसायी कटुवाललाई पितृशोक

**काठमाडौं/मस–** वैदेशिक रोजगार व्यवसायी प्रेमबहादुर कटुवाललाई पितृशोक परेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष कटुवालका पिता बमबहादुर कटुवालको निधन भएको हो ।



कटुवालको बुधबार बिहान ११ बजे ९२ वर्षको उमेरमा निधन भएको हो । उनी विगत दुई महिनादेखि दम रोगले थलिएका थिए । स्व. कटुवालका श्रीमती र दुई छोरा रहेका छन् ।

## 'सार्वजनिक खरिद' विषयक विचार गोष्ठी सम्पन्न

**काठमाडौं/मस–** नेकपा (एकीकृत समाजवादी) निकट एकीकृत सरकारी कर्मचारी संगठन नेपाल, भौतिक पूर्वाधार विभागीय समितिको आयोजनामा 'सार्वजनिक खरिद' विषयक विचार गोष्ठी सम्पन्न धएको छ ।

सार्वजनिक खरिद प्रणालीलाई अझ पारदर्शी, सक्षम र प्रभावकारी बनाउन आवश्यक रणनीति तथा सुधारका सम्भावनाबारे विस्तृत छलफल गर्न आयोजित विचार, गोष्ठी काठमाडौंस्थित सडक विभागको सभाहलमा सम्पन्न भएको छ । भौतिक पूर्वाधार तथा यातायात विभागीय समितिका अध्यक्ष धनदेव जोशीको अध्यक्षतामा सम्पन्न गोष्ठीमा मन्त्रालयका सचिव केशव कुमार शर्मा प्रमुख आतिथ्यता रहेको थियो । सडक विभागका महानिर्देशक डा.विजय जैसी विशेष अतिथिका रुपमा सहभागी थिए । कार्यक्रममा सहभागी वक्ताहरूले सरकारी खरिद प्रक्रियामा देखिएका चुनौती, सुधारका उपाय र पारदर्शिताबारे आ(आफ्ना धारणा राखेका थिए । कार्यक्रममा एकीकृत सरकारी कर्मचारी संगठनका उपाध्यक्ष दिनेश लम्सालले 'सार्वजनिक खरिद, वर्तमान अवस्था र सुधारका सम्भावना' विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । प्रस्तुत कार्यपत्रमा मन्त्रालयका सहसचिव चुडाराज ढकाल र कृष्णराज पन्तले टिप्पणी गर्दै खरिद प्रक्रियालाई व्यावहारिक, सरल र उत्तरदायी बनाउन संस्थागत सुधार आवश्यक रहेको सुझाव दिए। गोष्ठीमा उपस्थित सरोकारवालाहरूले यस्ता छलफल कार्यक्रमले सरकारी निकायभित्र दक्षता, पारदर्शिता र जवाफदेहिताको संस्कृति विकास गर्न मद्दत गर्ने विश्वास व्यक्त गरेका थिए ।

## बेपत्ताको...

उनले भने, 'राज्यले सत्यतथ्य जानकारी नदिँदा घाउ अझै चर्किएको छ ।' सरकारले यथार्थ पत्ता नलगाइदिँदा अझै घाउमा मल्हम लाग्न नसकेको उनको भनाइ छ ।

दीपाको कथा मात्र होइन सुर्खेतमै सयौं घरपरिवार आफन्त बेपत्ता भएको पीडामा बाँचेका छन् ।

वीरेन्द्रनगरकी हरिमायाका श्रीमान निलकण्ठ भट्टराई तत्कालीन जिल्ला जनस्वास्थ्य कार्यालय, पोखरामा कार्यरत थिए । २०६० साउन ९ गते उनी घर फर्कने क्रममा गाडीबाटै बेपत्ता पारिए । चन्दा नदिएको भन्दै विद्रोही पक्षले उनलाई एकाएक अपहरण गरेको थियो । तर २२ वर्ष पुग्दा पनि उनको अवस्था अज्ञात छ । हरिमाया भन्छिन्, '२०६० सालमा श्रीमान बेपत्ता पारियो तर बेपत्ताको सूचीमा नामसम्म छैन । अब त केवल सास होस् वा लास होस् । एक कुरा चाहिएको छ । न्याय नपाएरै मर्नुपर्ने बाध्यता नबनाऊ सरकार ।,'

यस्तै वीरेन्द्रनगर-३ की इन्द्रकला विष्टको परिवारको पीडा पनि उही छ । उनका श्रीमान् बलराम विष्टलाई तत्कालीन विद्रोहीहरूले लगेर बेपत्ता बनाएको २० वर्ष नाघिसक्यो । तर उनको अवस्था पनि अज्ञात छ । विभिन्न समयमा बनेका आयोगहरूको असक्षमताका कारण न्यायको ढोका अझै बन्द रहेको इन्द्रकलाको भनाइ छ । उनले आफ्नो परिवारका सदस्य बेपत्ता पारिएको दसकौं बित्दासमेत सत्यतथ्य र स्थिति सार्वजनिक नहुँदा पीडामाथि पीडा हुने गरेको बताइन् । पटकपटक अन्तरक्रिया कार्यक्रम हुने, अवस्था बुझ्न आउने गरे पनि वास्तविक अवस्था पत्ता लाग्न नसकेको उनको दुःखेसो छ ।

यस्तै, अर्को पीडित हुन् शान्ति ढकाल । उनका श्रीमान् सुर्खेतकै एक सरकारी कार्यालयमा कार्यरत थिए । कार्यालयबाट घर फर्किंदै गर्दा बाटैबाट हराएका श्रीमानलाई खोज्दै उनको दुई दशक बित्यो । तर पनि न त सत्य भेटियो, न त न्याय ।

'हामीले सरकार र आयोगलाई बारम्बार सुनाएका छौं तर न त सत्य पायौं, न त स्थिति । अन्तरक्रिया कार्यक्रममा आएर अवस्था बुझ्छौं भनेर भन्छन् तर परिवारको वास्तविक पीडा कहिल्यै बुझ्दैन,' अर्की पीडित शान्ति ढकाल भन्छिन् ।

श्रीमान् बेपत्ता पारिएको घाउ राज्यले पटकपटक कोट्याउने तर न्याय नदिदाँ थप पीडा महसुस भएको उनले बताइन् । द्वन्द्व पीडितहरू कतिपयको मागी खाने भाँडो बनेको भन्दै न्याय पाउने आश मरेको उनको भनाइ छ । विस्तृत शान्ति सम्झौता भएको १९ वर्षसम्म बेपत्ता छानबिन हुन नसक्नु दुःखद भएको उनको भनाइ छ ।

बेपत्ता पारिएका नागरिकका परिवारलाई न्याय दिन राज्य र आयोग दुवै जिम्मेवार बन्नुपर्ने पीडितहरूको सुझाव छ ।

## काम...

राजनीतिक दलबीच इच्छाशक्तिको अभावले पिडितले न्याय नपाएको बताए । साथै जनशक्ति र स्रोतसाधनको कमी, ऐन कानुन निर्माणमा हुने ढिलाइलगायतका विभिन्न समस्याले पीडितले अझै पनि न्याय नपाएको बताए। उनले भने, 'राजनीतिक दलहरूको इच्छाशक्ति कमजोर छ, कानुनी ढिलासुस्ती छ, स्रोतसाधनको कमी छ । त्यसैले पीडित अझै न्यायबाट टाढा छन् । तर बेपत्ता पीडितको न्याय सुनिश्चित गर्न आयोगले निरन्तर दबाब सिर्जना गर्दै आइरहेको छ ।'

उनले आयोगले पीडितका आवाज राज्यसम्बद्ध निकायसम्म पुऱ्याइरहेको जानकारी दिँदै बनेका अरू आयोगलाई अझ अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिए । उनले बेपत्ताको घटना के कति कारणले भयो ? भन्ने कुरा पीडित परिवारले प्रस्ट जानकारी पाउनुपर्ने बताए। उनका अनुसार आयोगले एक वर्षको अवधिमा २५ वटा उजुरी अनुसन्धान गरी न्यायका लागि कानुनी प्रक्रियामा पठाएको छ भने १ सय १ वटा विभिन्न उजुरीको अनुसन्धान गरी केन्द्रमा पठाइएको छ। उनले भने, 'संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउन राज्यले प्रयास गरे पनि टुंगो लाग्न सकेको छैन । तर घटनाबारे पीडितलाई जानकारी दिनु राज्यको दायित्व हो ।'

मानव अधिकारकर्मी नारायण सुवेदीले पीडितहरूलाई विभाजित नगरी एउटै स्वरमा न्यायका लागि उभिनुपर्नेमा जोड दिए । मानवअधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशका संयोजक पीताम्बर ढकालले राज्यको कानुनकै कारण कतिपय सहादत प्राप्त मानिसलाई पनि अझै 'बेपत्ता' भन्नुपर्ने विडम्बना रहेको बताए । उनले पीडितको आवाजलाई राष्ट्रिय एजेन्डा बनाउनुपर्नेमा जोड दिँदै मानवअधिकारकर्मीहरू निरन्तर पीडितको पक्षमा उभिइरहने प्रतिबद्धता व्यक्त गरे । साथै घटनाको यथार्थ कारण बताएर हत्या भएका व्यक्तिलाई मृतक घोषणा गर्नुपर्ने उनको भनाइ छ।

एड्भोकेसी फोरमका कर्णाली प्रदेश संयोजक राजेन्द्र भारतीले पीडितहरूको सत्य, न्याय र परिपूरणमा राज्य गम्भीर बन्नुपर्नेमा जोड दिए । द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालकी कर्णाली प्रदेश अध्यक्ष शीतल सिंह राठौरले यसअघिका आयोगहरू असफल भए पनि अहिलेको आयोग पीडितमैत्री बन्नुपर्ने बताइन्। उनले बेपत्ता परिवारको मुद्दा राज्यले धेरै लम्ब्याउन नहुने भन्दै छिट्टै टुंग्याउनुपर्ने बताइन् । 'दुई दशकसम्म न्याय दिन नसकेको सरकारले अब गुम्स्याउन खोज्नुहुँदैन । बेपत्ता मुद्दा छिट्टै टुंग्याउनैपर्छ,' उनले भनिन् । कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव पुष्पराज शाही 'राहत रकम थोरै भए पनि कानुनी प्रक्रिया बलियो बनाउन प्रयास भइरहेको' बताउँछन् ।

उनले प्रदेश सरकारबाट मासिक २ हजार रकम दिने गरेको बताए ।

द्वन्द्वका क्रममा कर्णालीमा २ हजार ७ सय ५ जनाको हत्या भएको छ । यस्तै, ९९ सय जना वेपत्ता भएका छन् । जसमा सुर्खेतमा मात्रै १४ जना बेपत्ता भएको इन्सेकको तथ्यांक छ । यसैगरी ४ सय ३२ अंगभंग भएका छन् ।

## दुई...

पर्ने काम यस विधेयकले नियन्त्रण गर्ने उल्लेख गरे । तर उनको प्रस्ताव निर्णयार्थ प्रस्तुत हुन लागेलगत्तै नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले गणपूरक संख्या यकिन गर्न माग गरे। सभामुखले ३ मिनेट घण्टी बजाए । सभामा सांसद गन्न ३ मिनेट घण्टी बजाउने गरिन्छ । ताकि सभाकक्षबाहिर रहेका सांसद सभाकक्षमा प्रवेश गर्न सकून् ।

सभामुखले ३ मिनेट घण्टी बजाएर गन्दा सभामा जम्मा ४९ जना भेटिए । जबकि प्रतिनिधि सभामा सांसद संख्या २ सय ७५ छ । यसमध्ये सत्तापक्षमा रहेका दलका सांसदहरूको संख्या १ सय ९२ छ । तर विधेयक अगाडि बढाउन खोज्दा संसदमा जम्मा ४९ जना सांसद भेटिएका हुन् ।

गत वर्ष प्रधानमन्त्री ओलीले विश्वासको मत लिँदासमेत प्रतिनिधि सभामा रहेका १ सय ८८ जना सांसदले मत दिएका थिए । यो दुई तिहाइ बढी मत हो । त्यही सरकारले ल्याएको विधेयक पास गर्न खोज्दा संसदमा ४९ जना मात्रै देखिने दृश्यले सत्तारूढ दलहरूको प्राथमिकता र सांसदहरूको जिम्मेवारीप्रति लगावमा प्रश्न उठाएको छ ।

कुनै पनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेस गर्न प्रतिनिधि सभाको एक चौथाइ सदस्य उपस्थित हुनुपर्ने व्यवस्था छ । यस्तो व्यवस्था नेपालको संविधानको धारा ९४ मा छ ।

'संघीय संसदको कुनै पनि सदनको बैठकमा सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत हुने छैन' संविधानको धारा ९४ मा भनिएको छ ।

यस व्यवस्थाअनुसार पाण्डेले गणपूरक संख्या यकिन गर्न माग गरेका थिए । सभामुखले निर्णय सुनाए, 'गणपूरक संख्या यकिन गर्दा यो प्रस्ताव निर्णयार्थ पेस गर्न गणपूरक संख्या ६९ हुनुपर्नेमा हाल माननीय सदस्यहरूको संख्या ४९ रहेकाले गणपूरक संख्या नपुग भएको देखिएकाले आजको कार्यसूचीको बाँकी कार्यक्रम सूचीबाट हटाइएको बेहोरा जानकारी गराउँछु ।'

बुधबार गणपूरक संख्या पुगेको भए प्रतिनिधिसभाबाट नेपाल पशु चिकित्सा परिषद् (पहिलो संशोधन) विधेयक २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव पारित हुन्थ्यो । त्यसपछि सांसदहरूले यो विधेयकमा संशोधन राख्ने ७२ घण्टे समयाअवधि सुरु हुन्थ्यो । गणपूरक संख्या नपुगेपछि सभामुखले प्रतिनिधि सभाको बैठक नै स्थगित गरिदिए ।

## कोरियाको...

प्रशिक्षक अनिवार्य गरिएको छ भने नेपाली कम्पनीहरूले ई-भिसा प्रणालीअन्तर्गत कामदारहरूको माग ल्याउन सम्बन्धित कोरियाली संघसंस्थाहरूसँग सम्झौता गर्नुपर्ने छ ।

त्यस्तै नेपाली म्यानपावर कम्पनीहरूले कामदारबाट कुनै शुल्क नलिने प्रतिबद्धता जनाएको हुनुपर्ने छ । कार्यविधिअनुसार ई-७ भिसा प्रणालीअन्तर्गत रोजगारीका लागि दक्षिण कोरिया जान चाहने नेपाली कामदारहरूले दक्षिण कोरियाली सरकारद्वारा मान्यता प्राप्त वा इजाजतपत्र प्राप्त संस्थाबाट सञ्चालन हुने कोरियाली भाषा परीक्षा र पेशागत सीप परीक्षण उत्तीर्ण गर्नुपर्ने प्रावधान छ । हाल यी कुनैपनि प्रक्रिया पूरा नभएको विभागको भनाइ छ ।

## संघ...

र सल्लाहकारमा प्याराडाइज इन्टरनेसनल प्रालिका सञ्चालक नवराज केसी र फ्युचर स्टार म्यानपावर प्रालिका सञ्चालक हरिबहादुर पाण्डे क्षेत्रीलाई मनोनीत गरेको थियो । संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारी संघको पदेन सल्लाहकार रहेका छन् ।

### तेस्रो साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०५/१९**

यस **हिमालयन फाइनान्सियल ग्रुप लिमिटेड** (प. लि. नं. ३०७८७२/०७९/८०) को सञ्चालक समितिको मिति वि.सं. २०८२ भाद्र १७ गते तदनुसार इस्वी संम्वत् २०२५ सेप्टेम्बर २ तारिक मंगलबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम हिमालयन फाइनान्सियल ग्रुप लिमिटेडको तेस्रो वार्षिक साधारणसभा तपसिलको मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा गरिमामय उपस्थितिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**सभा हुने मिति, स्थान र समयः**
मिति : २०८२ असोज ९ गते बिहीबार तदानुसार २५ सेप्टेम्बर सन् २०२५
समय : बिहान ११:३० बजेदेखि ४ बिजे सम्म
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय

**छलफलका विषयहरू :-**
**क) समान्य प्रस्ताव :-**
१. आर्थिक वर्ष २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने ।
२. आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने ।
३. कम्पनी सचिवको नियुक्ति बारेमा ।
**ख) विशेष प्रस्ताव :-**
१. सञ्चालक सहमति गठन गर्ने ।
२. प्रबन्धपत्रमा गरिने संशोधन सम्बन्धमा:-
क) दफा ६, पुँजी संरचना संशोधन सम्बन्धमा ।
३. नियमावलीमा गरिने संशोधन सम्बन्धमा:-
क) दफा २३ को संशोधन सम्बन्धमा ।
ख) दफा २७ को उपदफा (२) संशोधन सम्बन्धमा ।
४. विविध

## सीमावर्ती क्षेत्रमा बर्डफ्लु देखिएपछि सतर्कता

**कञ्चनपुर/मस-** भारतको उत्तराखण्डसहित आसपासका क्षेत्रमा बर्डफ्लुको सङ्क्रमण देखिएपछि कञ्चनपुरमा उच्च सतर्कता अपनाइएको छ । सीमावर्ती क्षेत्रमा सङ्क्रमण पुष्टि भएपछि नेपालमा सचेतनासहित सतर्कता अपनाइएको हो ।

जिल्ला बर्डफ्लु रोग नियन्त्रण समितिले सीमानाकामा पन्छी तथा पन्छीजन्य पदार्थको आयात-निर्यातमा कडाइ गर्नुका साथै सीमावर्ती पालिकाहरूमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ ।

जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख श्याम खड्काले सीमावर्ती क्षेत्रमा संक्रमण देखिएकाले नेपालमा फैलिन नदिने उद्देश्यले सचेतना अभियान सञ्चालन गर्नुका साथै सतर्कता अपनाइएको बताए । उहाँले भारतसँग सीमा जोडिएका दोधराचाँदनी, बेलौरी, पुनर्वास, भीमदत्त नगरपालिका र बेलडाँडी गाउँपालिमा बर्डफ्लु नियन्त्रण तथा प्रतिबन्धसम्बन्धी सचेतनामूलक कार्यक्रम गरिएको जानकारी दिए ।

संक्रमण फैलिएमा यस क्षेत्रमा पालिएका सबै कुखुरा नष्ट गर्नुपर्ने भएकाले समयमै नियन्त्रणका लागि सचेतना आवश्यक रहेको उहाँको भनाइ छ । संक्रमण भएमा कुखुरा मर्ने, झोक्र्याउने, चारा नखानेलगायत लक्षण देखिने प्रमुख खड्काले जानकारी दिए । आफूले पालेका कुखुरामा यस्ता लक्षण देखिएमा तत्काल पशु विज्ञ वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउन उनले सबै किसानलाई आग्रह गरे।

यसैबीच, जिल्ला बर्डफ्लु रोग नियन्त्रण समितिले भारतीय कुखुरालाई नेपाल आयातमा पूर्ण रूपमा प्रतिबन्ध लगाउने निर्णय गरेको छ । मंगलबार बसेको बैठकले भारतको उत्तराखण्ड राज्यको बागेश्वर र उधमसिंह नगरमा बर्डफ्लु फैलिएको विभिन्न सञ्चारमाध्यमबाट पुष्टि भएपछि नेपालमा संक्रमण भित्रिन नदिन उच्च सतर्कता अपनाउने निर्णय गरेको हो ।

समितिले कञ्चनपुरको पुनर्वास, बेलौरी, बेलडाँडी, दोधाराचाँदनी र भीमदत्त नगरपालिका १, २ र १० को सीमावर्ती क्षेत्रबाट पन्छी तथा पन्छीजन्य सामग्रीको आयात र ओसारपसारलाई पूर्ण रूपमा निषेध गरेको छ । निर्णयको प्रभावकारी कार्यान्वयनका लागि सबै सुरक्षा निकाय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र पशु क्वारेन्टाइन कार्यालयका प्रतिनिधि सम्मिलित टोलीले आकस्मिक अनुगमन गर्ने केन्द्रका प्रमुख खड्काले जानकारी दिए ।

उनका अनुसार अनुगमनका क्रममा अवैध रूपमा सामग्री आयात गरेको पाइएमा त्यस्ता सामग्रीलाई कडाइका साथ नियन्त्रणमा लिई कानुनबमोजिम कारबाही गर्ने समितिले निर्णय गरेको छ ।

### साउदीमा रोजगार

कम्पनी : NAIF AL MOISHEER HOLDING CO.LTD. — शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०५/०१ — चलानी नं.: ६०२२३७६६ — LT. No.:309146 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २६ गते (11 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No.: 1381/074/075
KANGAROO HUMAN RESOURCES PVT. LTD.
P O box No: 12772, Battisputali-9, Kathmandu, Phone No: 01-4565882,4565885, 9841743383
9802376740, 9801854401, E-mail : kangaroohumanrec@gmail.com, Web.: www.kangaroohr.com

### साउदीमा रोजगार

कम्पनी: ABDULLAH AL OTHAIM MARKETS COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०५/१८ — चलानी नं.: ६०२४४३५६ — L.T. No.: 330552

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelf Packer | 30 | 0 | स. काममा दक्ष | 1000 | ३७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २६ गते (11 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LIKE INTERNATIONAL PVT.LTD
Lic No. 1580/079/080
Boudha-6, Kathmandu Contact No. 01-5922289, 9851356712
E-mail: Suraj@likeinternational.com.np, info@likeinternational.com.np, URL : www.likeinternational.com

### यूएईमा रोजगार

कम्पनी: ANGALAMMAN TECHNICAL SERVICES LLC — शहरः SHARJAH
पूर्व स्वीकृत मितिः २०८२/०५/१८ — चलानी नं.: ६०२४४३६१ — LT. No.:330540

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 2 | 0 | | 1500 | ५७,४८० | | | | | | | |
| 3. | Carpet Fitter | 2 | 0 | | 1500 | ५७,४८० | | | | | | | |
| 4. | Concrete Masons | 2 | 0 | | 1500 | ५७,४८० | | | | | | | |
| 5. | Painter | 2 | 0 | | 1500 | ५७,४८० | | | | | | | |
| 6. | Plumber | 2 | 0 | | 1500 | ५७,४८० | | | | | | | |
| 7. | Scaffolder | 2 | 0 | | 1500 | ५७,४८० | | | | | | | |
| 8. | Steel Fixers | 3 | 0 | | 1500 | ५७,४८० | | | | | | | |
| 9. | Tile Layer | 2 | 0 | | 1500 | ५७,४८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २६ गते (11 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १२१४/०७४/०७५
J.S.N. International Pvt. Ltd.
P.Box No.: 9883, Sambhumarg Kathmandu, Tel : 01- 4359573, 01- 4364548
E-mail-jsninternational1@gmail.com, Web.: jsninternational.com.np

मध्यान्ह
www.madhyanhadaily.com
१९ भदौ २०८२ बिहीबार
4 September 2025 Thursday

## सम्पादकीय

# किसानप्रति संवेदनशील हुनुपर्छ

उखु किसानहरू सरकारले दिने गरेको अनुदानलाई निरन्तरता दिनुपर्ने माग राख्दै आन्दोलित छन् तर बारम्बार आन्दोलन हुँदा पनि सरकार उनीहरूको मागप्रति संवेदनशील देखिएको छैन । उखु किसानहरूलाई सरकारले अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा प्रतिक्विन्टल ७० रूपैयाँका दरले अनुदान दिने निर्णय गरेको थियो । तर, बजेट अभावको कारण देखाउँदै अन्ततः ३५ रूपैयाँ मात्र निकासा गर्‍यो । गत आर्थिक वर्षमा झुक्याएको सरकारले यस आर्थिक वर्षमा अनुदान नै नदिने निर्णय गरेको छ । उखु किसानहरू एकातिर अघिल्लो वर्षको बाँकी भुक्तानीका लागि संघर्षमा छन् भने अर्कोतिर यस वर्षको अनुदान पनि माग गरिरहेका छन् । यही माग राख्दै झन्डै ६ सय किसान पूर्व–पश्चिमदेखि राजधानीमा भेला भएका थिए । अघिल्ला वर्षहरूमा उखु किसानहरू उद्योगीहरूसँग भुक्तानीको माग गर्दै सडकमा हुन्थे भने अहिले उनीहरू सरकारसँग अनुदानको माग गर्दै आन्दोलनमा छन् । हाल आन्दोलन केही दिनका लागि स्थगित गरिएको छ । यद्यपि, भदौ २५ पछि माग सम्बोधन नभए पुनः आन्दोलन थाल्ने उनीहरूको तयारी छ ।

उखु किसानहरू आन्दोलित भइरहँदा दुग्ध किसानहरू पनि आन्दोलनमै छन् । उनीहरू आफूले बेचेको दूधको रकम भूक्तानीका लागि आन्दोलनमा उत्रिएका हुन् । निरन्तरको आन्दोलनपछि बुधबार किसान, डेरी उद्योग र सरकारबिच असोज ५ गतेसम्मको मिति राखेर ६ बुँदे सहमति भएको छ । तर, यसअघि पनि पटक–पटक सहमति हुने र तोडिने परम्परा रहेको कारण असोज ५ गतेसम्म किसानका माग सुनुवाई होला भनेर यकिन गर्ने अवस्था छैन । किसानहरू निजी डेरीबाट मात्रै ठगीएका छैनन्, सरकारी स्वामित्वको डीडीसीबाट पनि ठगीएका छन् । अर्थमन्त्रालयकै तथ्यांकलाई मान्दा डीडीसीले मात्रै झण्डै एक अर्ब रूपैयाँ रकम किसानलाई दिनुपर्छ । यता, निजी क्षेत्रका डेरीहरूले दिनुपर्ने रकम झण्डै २२ अर्ब छ ।

कृषकहरूले उत्पादन गरेको वस्तुको मूल्य प्राप्तिका लागि आन्दोलन गर्नु लोकतान्त्रिक व्यवस्थामा अत्यन्त लाजमर्दो स्थिति हो । सरकार सुरक्षाको नाममा आन्दोलनरत किसानमाथि दमन गर्छ तर उनीहरूको समस्याको समाधान गर्न उदासीन रहन्छ । यसले किसानहरूलाई आफ्नो पेसाबाट निराश बनाइरहेको छ अनि केहीलाई त पेसा नै परिवर्तन गरी विस्थापित हुने अवस्थामा पुर्‍याइरहेको छ । किसानका विषयमा राजनीति होइन, समस्या समाधानमुखी सोच आवश्यक छ । सरकार किसानको आवाजप्रति संवेदनशील बन्नुको विकल्प छैन । किसानलाई हतोत्साहित होइन, उत्साहित गर्ने निर्णय लिनुपर्छ । देशको व्यापार घाटा दिनहुँ बढिरहेको छ । यस्तो अवस्थामा किसानजस्ता उत्पादकहरूलाई रूवाउने होइन, बाँच्ने आधार दिने हो । सरकारले आफ्ना दायित्व पूरा गरोस् । किसानप्रति न्याय गरियोस् ।

# नेपालका लागि कूटनीतिको क्षेत्र

*नेपालका लागि कूटनीति एक अत्यन्तै संवेदनशील, जटिल र निर्णायक विषय बनेको छ । कूटनीति न केवल राष्ट्रिय सुरक्षासँग सम्बन्धित छ, आर्थिक विकास, पारवहन, वैदेशिक सहायता, जलस्रोत व्यवस्थापन, आप्रवासन नीति, भूराजनीतिक सन्तुलन तथा राष्ट्रको साखसमेत प्रत्यक्ष रूपमा जोडिएको छ...*

अग्रलेख



● शम्भु पनेरू

नेपाल विश्वको एक सानो, विकासोन्मुख, भूपरिवेष्ठित राष्ट्र हो, जसको भौगोलिक स्थिति भारत र चीनजस्ता दुई विशाल राष्ट्रको बीचमा छ । यही कारणले नेपालका लागि कूटनीति एक अत्यन्तै संवेदनशील, जटिल र निर्णायक विषय बनेको छ । कूटनीति न केवल राष्ट्रिय सुरक्षासँग सम्बन्धित छ, आर्थिक विकास, पारवहन, वैदेशिक सहायता, जलस्रोत व्यवस्थापन, आप्रवासन नीति, भूराजनीतिक सन्तुलन तथा राष्ट्रको साखसमेत प्रत्यक्ष रूपमा जोडिएको छ ।

नेपालका लागि परराष्ट्र नीतिको आधारभूत उद्देश्य राष्ट्रिय सार्वभौमिकता, भू-अखण्डता, स्वतन्त्रता र आत्मनिर्णयको रक्षा गर्नु हो । संविधानमै उल्लेख भएअनुसार नेपालले असंलग्न परराष्ट्र नीति अवलम्बन गर्दै आएको छ, जसअन्तर्गत उसले कुनै पनि शक्ति गुटमा आबद्ध नभई आफ्नो स्वतन्त्र निर्णय लिने अधिकार सुरक्षित राख्छ । तर व्यावहारिक रूपमा हेर्दा, नेपालले भारत, चीन, अमेरिका, युरोपेली संघ, संयुक्त राष्ट्र संघ, सार्क, बिम्स्टेकलगायतका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शक्तिहरूसँग बहुपक्षीय सम्बन्ध विस्तार गर्दै आएको छ ।

नेपालको कूटनीतिक सवालको पहिलो र सबैभन्दा प्रमुख विषय हो- भारत र चीनसँगको सन्तुलन कायम गर्नु । भारतसँगको सम्बन्ध ऐतिहासिक, सांस्कृतिक, धार्मिक, भाषिक तथा पारिवारिक सन्दर्भमा निकै नजिक छ । खुला सिमाना, आर्थिक निर्भरता, रोजगारीको अवसर, पारवहन सुविधा जस्ता यथार्थताले गर्दा भारत नेपालका लागि अत्यावश्यक छ । तर भारतसँग सम्बन्धमा कतिपय विगतका घटना, जस्तै : सन् १९८९-९० को नाकाबन्दी, २०१५ को नाकाबन्दी, कालापानी-लिपुलेक सीमा विवाद, जस्ता घटनाले कूटनीतिक सम्बन्धमा जटिलता उत्पन्न गरेको छ ।

अर्कोतर्फ, चीनसँगको सम्बन्ध पनि निरन्तररूपमा विस्तार हुँदै आएको छ । बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआइ)मा नेपालको सहभागिता, चीनको लगानीमा बनेका पूर्वाधार परियोजना, पर्यटन प्रवर्धन तथा उच्चस्तरीय राजनीतिक भ्रमणहरूले नेपाल-चीन सम्बन्ध मजबुत पार्ने प्रयास भएको छ । तर, चीनसँगको सम्बन्धमा चुनौती पनि छन्, विशेषतः पारवहनको कठिनाइ, वास्तविक पहुँच र कार्यान्वयनमा ढिलाइ तथा आर्थिक ऋणको सम्भावित भार जस्ता विषयले चिन्ता व्यक्त गरिएको छ ।

नेपालका लागि अर्को महत्वपूर्ण कूटनीतिक सवाल हो - पारवहन अधिकार र अन्तर्राष्ट्रिय व्यापार पहुँच । भूपरिवेष्ठित देश भएकाले नेपालको सम्पूर्ण अन्तर्राष्ट्रिय व्यापार जलसतहबाट गर्न भारत तथा चीनमा निर्भर रहनुपर्छ । भारतसँग भएको पारवहन सन्धिले पारवहनको सुविधा दिएको छ भने चीनसँग पनि समान प्रकृतिको समझदारीपत्र भएको छ । तर, कार्यान्वयनको हिसाबले भारतप्रति निर्भरता बढी छ । भारतका तर्फबाट कुनै पनि किसिमको असहयोगले नेपालको आर्थिक तथा मानवीय संकट निम्त्याउन सक्छ, जस्तै सन् २०१५ मा देखिएको थियो । त्यसैले नेपालले दीर्घकालीन रूपमा वैकल्पिक मार्गहरू खोज्नुपर्ने आवश्यकता छ, जसमा चीनसँग जोडिएको रसुवागढी र केरुङ नाका तथा भावी योजनाहरू महत्वपूर्ण बन्न सक्छन् ।

नेपालका लागि आर्थिक कूटनीति पनि चुनौतीपूर्ण विषय हो । वैदेशिक लगानी भित्र्याउने, विकास सहयोग प्राप्त गर्ने, आप्रवासी श्रमिकहरूका हकहित सुरक्षित गर्ने र व्यापार विस्तार गर्ने विषयहरू आर्थिक कूटनीतिको मूल विषय हुन् । खाडी मुलुक, मलेसिया, कोरिया, जापानजस्ता मुलुकमा कार्यरत नेपाली आप्रवासी श्रमिकहरूले देशको अर्थतन्त्रमा योगदान दिने रेमिट्यान्सको सुरक्षाका लागि नेपालले ती मुलुकहरूसँग श्रम सम्झौताहरू गर्नुपर्नेछ । यिनको प्रभावकारी कार्यान्वयन, दूतावासहरूको सक्रियता तथा



श्रमिक मैत्री कूटनीतिको आवश्यकता अझ बढ्दो छ ।

भूराजनीतिक दृष्टिकोणले हेर्दा, नेपाल अहिले नयाँ युगको कूटनीतिक केन्द्र बन्न थालेको छ । भारत-चीन-अमेरिका त्रिकोणात्मक शक्ति प्रतिस्पर्धाले नेपालको परराष्ट्र नीति झनै जटिल बनाएको छ । अमेरिकाद्वारा प्रस्तावित एमसीसी परियोजनाको सन्दर्भमा देखिएको विवादले यो स्पष्ट पारेको छ कि नेपालमा वैदेशिक प्रभावविरुद्ध कूटनीतिक सन्तुलन कायम गर्नु कति कठिन कार्य हो । एकातिर विकासको लागि विदेशी सहायता आवश्यक छ, अर्कातिर राष्ट्रको स्वतन्त्रता, नीति निर्माण प्रक्रिया र दीर्घकालीन हितको रक्षा पनि उत्तिकै महत्वपूर्ण छ ।

नेपालको कूटनीतिक सवालमा जलस्रोतको विषय पनि महत्वपूर्ण छ । नेपालमा ८० हजार मेगावाटभन्दा बढी जलविद्युत् उत्पादन गर्ने सम्भावना छ । तर, त्यसको उपयोग तथा निर्यातका लागि विदेशी लगानी, प्रविधि र बजारको आवश्यकता छ । भारतसँग गरिएको महाकाली, अरुण तथा अन्य जलविद्युत् परियोजनाहरूमा देखिएको ढिलाइ, सम्झौतामा देखिएको असमानता तथा कार्यान्वयनमा भएको विवादले जलस्रोत कूटनीति पनि जटिल बनेको छ । चीनसँग पनि जलविद्युतको क्षेत्रमा सहकार्यको सम्भावना भए पनि त्यसको स्पष्ट कार्यान्वयन मार्गचित्र हालसम्म बनेको छैन ।

कूटनीतिक सवालमा अर्को बढ्दो विषय हो - जलवायु परिवर्तन र वातावरणीय कूटनीति । हिमालयन राष्ट्र भएकाले नेपाल जलवायु परिवर्तनको प्रत्यक्ष प्रभावमा छ । हिउँ पग्लने, बाढीपहिरो बढ्ने, कृषि उत्पादन घट्ने र वातावरणीय संकट निम्तिने खतराहरू बढ्दै गएका छन् । यस्तो अवस्थामा नेपालले जलवायु न्यायको पक्षमा अन्तर्राष्ट्रिय मञ्चहरूमा आवाज उठाउनु पर्नेछ । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान नगण्य भएपनि त्यसको असरमा नेपाल बढी प्रभावित भएको छ । तसर्थ, वातावरणीय कूटनीति नेपालको दीर्घकालीन अस्तित्व र जीवनस्तरका लागि केन्द्रिय विषय बन्न थालेको छ ।


कूटनीतिक सवालमा शिक्षा, संस्कृति र पर्यटन पनि छुट्न नहुने क्षेत्र हुन् । नेपालले बौद्ध धर्मको जन्मस्थल, विश्व सम्पदाहरू र विविधता सम्पन्न संस्कृतिको माध्यमबाट आफ्नो ‘सफ्ट पावर’ प्रयोग गर्न सक्छ । संस्कृतिको माध्यमबाट विश्व समुदायसँग सम्बन्ध विस्तार गर्ने, विदेशी पर्यटकलाई आकर्षित गर्ने, तथा अन्तर्राष्ट्रिय सम्मेलनहरूको आयोजना गर्ने जस्ता कार्यहरू नेपालका लागि सकारात्मक कूटनीतिक साधन बन्न सक्छन् । यस्ता काममा संस्कृति मन्त्रालय, पर्यटन बोर्ड र परराष्ट्र मन्त्रालयबीचको सहकार्य अपरिहार्य छ ।

नेपालको शान्ति प्रक्रिया, संक्रमणकालीन न्याय, मानवअधिकार, प्रेस स्वतन्त्रता र लोकतान्त्रिक शासन प्रणालीमा अन्तर्राष्ट्रिय समर्थन र निगरानी पनि कूटनीतिक सवालका हिस्सा हुन् । संयुक्त राष्ट्र संघलगायतका निकायहरूले नेपालमा शान्ति प्रक्रिया सफल पार्न भूमिका खेलेका थिए । अहिले पनि मानवअधिकारका विषयमा विभिन्न अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले नेपालको नीति निर्माणलाई प्रभावित गरिरहेका छन् । कूटनीतिक संयम, पारदर्शिता र अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने सोचले मात्रै नेपालको छवि अन्तर्राष्ट्रिय मञ्चमा मजबुत रहन सक्छ ।

आन्तरिक राजनीतिक अस्थिरता, सरकारको लगातार परिवर्तन र परराष्ट्र नीति निर्माणमा एकरूपता नहुनु कूटनीतिक कमजोरीका मुख्य कारण हुन् । कूटनीतिक नियुक्तिहरूमा योग्यताभन्दा राजनीतिक भागबन्डा प्रमुख हुने परिपाटीले नेपालका कूटनीतिक मिसनहरू सशक्त बन्न सकेका छैनन् । दक्ष, अनुभवी र विदेश नीति बुझेका व्यक्तिहरूलाई कूटनीतिक नियुक्तिमा प्राथमिकता दिन नसक्नु नेपालको परराष्ट्र नीति कमजोर हुनुको मुख्य जड हो । आजको विश्व परिप्रेक्ष्यमा हेर्दा, सूचना प्रविधि, कृत्रिम बौद्धिकता (एआई), साइबर सुरक्षा, डिजिटल अर्थतन्त्रजस्ता विषयहरूले पनि कूटनीतिमा प्रवेश गर्न थालेका छन् । डिजिटल कूटनीतिको अवधारणा नेपालका लागि नयाँ भए पनि आवश्यक बनेको छ । विश्वव्यापी सूचना युद्ध, ह्याकिङ, सामाजिक सञ्जालद्वारा छवि निर्माण तथा डिजिटल सूचनाको रणनीतिक प्रयोगजस्ता विषयहरूमा नेपालको कूटनीतिक उपस्थिति आवश्यक छ । नेपालका लागि कूटनीति अब केवल देशको सार्वभौमिकताको रक्षा गर्ने साधन मात्र नभएर, आर्थिक समृद्धि, सामाजिक न्याय र विश्वसँग सन्तुलित सम्बन्ध कायम गर्ने बहुआयामिक रणनीति बन्नुपर्छ ।

## इतिहासमा आज

४ सेप्टेम्बर २००२ मा ओकल्यान्ड एथलेटिक्सले आफ्नो लगातार २०औं खेल जित्यो, जुन अमेरिकन लिग रेकर्ड थियो । जबसम्म २०१७ मा क्लिभल्यान्ड इन्डियन्सले यसलाई पार गरेन ।



४ सेप्टेम्बर २०२० मा पोप बेनेडिक्ट १६औंको मृत्यु भएको थियो । उनी ९३ वर्ष, चार महिना, १६ दिन बाँचेर सबैभन्दा लामो समय बाँच्ने पोप बनेका थिए ।



४ सेप्टेम्बर २०२४ मा जर्जियाको विन्डर नजिकैको अपालाची हाई स्कुलमा भएको सामूहिक गोलीबारीमा १४ वर्षीय बन्दुकधारीले चार जनाको हत्या गरेका थिए । जुन घटनामा सात जना घाइते भएका थिए ।



४ सेप्टेम्बर १९७२ मा द प्राइस इज राइटको सिबिएसमा प्रिमियर भएको थियो । यो हाल अमेरिकी टेलिभिजनमा सबैभन्दा लामो समयसम्म चल्ने गेम सो हो ।



## सामाजिक सञ्जाल



रञ्जित तामाङ

लोकतन्त्रका लागि दलहरू बलियो हुनुपर्छ । दलहरू बलियो हुन पार्टीभित्र लोकतान्त्रिक संस्कार चाहिन्छ । कुनै पनि दलको सदस्यता लिँदै गरेको कार्यकर्ताले आफ्नो पार्टीको प्रमुख बन्छु भनेर लक्ष्य राखेको हुन्छ र राख्नुपर्छ पनि । तर यो देशमा कार्यकर्ताहरू कर्कलोको गाभा जसरी निमोठिन्छन् ।

संघीयताले सबैभन्दा विकृत प्रयोग गर्‍यो सार्वजनिक बिदामा । संघ सरकार, सर्वोच्च अदालत कसैले ठोस स्ट्यान्डर्ड बनाएनन्, प्रदेशको बिदामा अदालत बिदा हुन्छन् जबकि अदालत उसको क्षेत्राधिकारका होइनन् । सर्वोच्चले पनि खुट्टा छोडिदिएको छ । संघले एक दिन बिदा गर्छ, त्यही बिदा अर्को दिन प्रदेश पालिकाले गर्छन् ।



विनोद बिटिएल



मुमाराम खनाल

जुनसुकै राजनीतिका नयाँ जोगीहरूले ‘म आएँ भने डेलिभरी गर्छु’ रे ! मानौं कि ऊ आउनासाथ राज्यको संरचना, क्षमता र कर्मचारीतन्त्रको जडता रातारात बदलिन्छ । अझ ऊ आउनासाथ उसको बहुमतको सरकार बन्छ र सबै कायापलट गर्छ । एकसे एक सपनाका सौदागर जन्माउने चटकेको देश ।

मुलुकको राजनीति किन सुध्रिँदैन ? धेरै प्रयोग भए निरक्षर सीमान्तकृतहरू । संसद् हुन्छन् भुइँ मान्छेको प्रतिनिधित्व पनि हुन्छ तर यो संसदीय खेलमा उपहासका पात्र बन्छन् । फेरि पढेलेखेका राष्ट्रिय अन्तर्राष्ट्रिय ख्याति कमाएका विद्वान आउँदा पनि मुलुकको अस्मिता गुम्छ कि भन्ने डर हुने, खै के हुने हो ?



विष्णु ढकाल

# भूराजनीतिक सन्तुलन

विचार



● शंकरमान सिंह

*नेपालले आफ्नो असंलग्न परराष्ट्र नीतिलाई यथावत् राख्दै भूराजनीतिक सन्तुलन कायम राख्न आवश्यक छ । विशेषगरी जिएआइजस्ता नयाँ अवधारणामा सहभागी हुँदा स्पष्टता र राष्ट्रिय हितका आधारमा मात्र निर्णय लिनु बुद्धिमानी हुनेछ...*

नेपाल भारत (हात्ती) र चीन (ड्र्यागन)जस्ता दुई क्षेत्रीय महाशक्तिको बीचमा अवस्थित एक सानो राष्ट्र हो । आफ्नो भौगोलिक अवस्थिति तथा रणनीतिक महत्वका कारण नेपाल यी दुई राष्ट्रहरूको प्रभाव क्षेत्रभित्र पर्दछ, जसले गर्दा नेपाल सधैं सन्तुलन कायम गर्न बाध्य हुन्छ । कतिपयले त नेपाललाई यी दुई शक्तिशाली राष्ट्रहरूको ‘नृत्यमा केवल दर्शक’का रूपमा रहेको पनि टिप्पणी गर्छन् ।

पछिल्लो समय दुई देशबीच नेपालको लिपुलेकलाई लिएर विवाद छ । भारतले नेपाललाई नै पन्छाएर नेपालको भूमिलाई आधार बनाउँदै चीनसँग व्यापारिक सम्झौता गरेको छ । जसको नेपालले खुलेर विरोध गरेको छ । अहिले चीन भ्रमणको सन्दर्भमा पनि प्रधानमन्त्री केपी शर्मा ओलीले जसप्रति आपत्ति जनाएका छन् । स्पष्ट छ, ऐतिहासिक सबै प्रमाण नेपालअनुकूलमा छन् । चाहे सुगौली सन्धि नै किन नहोस् ।

भारत र चीनबीच पाँच वर्षअघि भएको घातक सीमा झडपपछि दुवै राष्ट्र सम्बन्ध सुधार गर्ने प्रयासमा छन् । कजान र तियानजिनमा सम्पन्न शिखर बैठकमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी चिनफिङबीचको भेटवार्ताले सीमामा शान्ति र स्थायित्व कायम गर्ने दिशामा प्रगति भएको छ । दुवै मुलुकले व्यापार तथा लगानी सम्बन्ध विस्तार गर्ने तथा व्यापार घाटा कम गर्ने आवश्यकतामा जोड दिएका छन् । यद्यपि भारत विश्वको पाँचौं ठुलो अर्थतन्त्र भए तापनि चीनभन्दा आकारमा करिब ६ गुणा सानो छ, जुन सन्तुलन सैन्य शक्तिमा समेत देखिन्छ ।

नेपालको दृष्टिकोणबाट हेर्दा भारत-चीन सम्बन्धको स्थिरता अत्यन्तै महत्वपूर्ण छ । सीमामा शान्ति रहनुले सिधा हवाई उडान सञ्चालन, नेपालमार्ग हुँदै कैलाश मानसरोवर यात्रा र नाका पुनः सञ्चालन जस्ता विविध विषयहरूमा प्रगति गर्न सकिनेछ ।

प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी जिङ पिङसँग सांघाई सहयोग संगठन (एससिओ)मा नेपालको सदस्यताका लागि समर्थन गर्न अनुरोध गरेका छन् । सन् २००१ मा स्थापना गरिएको एससिओले आपसी विश्वास, असल छिमेकी सम्बन्ध, राजनीति, व्यापार, प्रविधि, ऊर्जा, आतंकवादविरुद्धको सहयोगलगायतका क्षेत्रलाई समेटेको छ । यस संगठनमा विश्वका लगभग ४ अर्ब जनसंख्या रहने गर्छ, जुन विश्व श्रमशक्ति र उपभोक्ताको ४० प्रतिशत बराबर हो । सन् २०२२ सम्ममा यो संगठनले कुल विश्व उत्पादन क्षमतामा लगभग १०० ट्रिलियन अमेरिकी डलरको हिस्सा ओगटेको छ ।

२००६ मा एससिओका सदस्यहरू चीन र रुसले भारत र ब्राजिलसँग मिलेर ब्रिक्सको स्थापना गरेका थिए (पछि सन् २०१० मा दक्षिण अफ्रिका पनि सहभागी भयो) । २०२२ मा ब्रिक्सले विश्वको क्रयशक्ति सन्दर्भमा जि सेभेनलाई पनि पछाडि पारेको छ । सांघाई सहयोग संगठनको शिखर बैठक त्यस्तो समयमा भएको थियो, जब अमेरिकाका तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्पले व्यापार तथा कर नीतिका कारण अन्तर्राष्ट्रिय वित्तीय प्रणालीलाई अस्थिर बनाइरहेका थिए ।


संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले चीनलाई बहुपक्षीयताको संरक्षणमा ‘आधारशिला’का रूपमा प्रशंसा गरेका छन् भने राष्ट्रपति सीले संयुक्त राष्ट्रसंघमा चीनलाई ‘भरपर्दो साझेदार’भएको दाबी गरेका छन् । नेपाल हाल ‘संवाद साझेदार’का रूपमा एससिओसँग आबद्ध छ र यस मञ्चमार्फत आर्थिक तथा सांस्कृतिक सम्बन्ध सुदृढ गर्दै जनताको जीवनस्तर उकास्ने प्रयासमा लागेको छ । यद्यपि अफगानिस्तानजस्ता देशहरू पर्यवेक्षकका रूपमा उच्च स्थानमा रहेका कारण नेपाललाई स्थायी पर्यवेक्षक बन्न चुनौती छन् ।

नेपालले आफ्नो असंलग्न परराष्ट्र नीतिलाई यथावत् राख्दै भूराजनीतिक सन्तुलन कायम राख्न आवश्यक छ । विशेषगरी जिएआइजस्ता नयाँ अवधारणामा सहभागी हुँदा स्पष्टता र राष्ट्रिय हितका आधारमा मात्र निर्णय लिनु बुद्धिमानी हुनेछ । लिपुलेकलगायतका सीमा विवादमा नेपालले दृढ र स्पष्ट अडान लिइसकेको छ, जसमा चीन र भारत दुवैसँग कूटनीतिक माध्यमबाट समाधान खोज्ने प्रयास निरन्तर जारी राखिनुपर्छ ।

साघांई सहयोग संगठनमा सदस्यताको पहल जारी राख्दै, संवाद साझेदारको हैसियतमा आर्थिक तथा सांस्कृतिक सम्बन्ध विस्तारमा प्राथमिकता दिनु आवश्यक छ । दीर्घकालीन रूपमा, भारत र चीनजस्ता महाशक्तिहरूसँग सन्तुलन कायम राख्न नेपालले आन्तरिक आर्थिक सामर्थ्य अभिवृद्धि गर्नैपर्छ ।

समयसँगै जब सापेक्षिक आर्थिक शक्ति सन्तुलनमा आउँछ तब हात्ती र ड्र्यागनको नृत्य नेपालका लागि अवसरपूर्ण नीतिगत विकल्प बन्न सक्छ । नेपालले संयुक्त राष्ट्रसंघ र साघांई सहयोग संगठनजस्ता बहुपक्षीय मञ्चहरूलाई समर्थन गर्दै विश्वशान्ति, स्थायित्व र नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाको संरक्षणमा सक्रिय भूमिका खेल्नुपर्छ ।

# चलचित्र 'जुबा'को घोषणा, सौगात मुख्य भूमिकामा




**काठमाडौं/मस–** अभिनेता सौगात मल्ल अभिनीत नयाँ चलचित्र 'जुबा'को औपचारिक घोषणा गरिएको छ । अस्त्र फिल्मसको प्रस्तुति रहने यो चलचित्रलाई प्रकाश कर्णले निर्देशन गर्नेछन् । कर्णकै कथा तथा निर्देशनमा बन्ने चलचित्रको पटकथा र लेखनमा वर्षा पौडेलको सहभागिता रहनेछ । कर्ण र पौडेल दुवै मिलेर चलचित्रको क्रिएटिभ प्रोडक्सनमा पनि सक्रिय हुने घोषणा गरिएको छ ।

यसपटक दर्शकलाई नयाँ अनुहार परिचय गराउने उद्देश्यसहित निर्माण भइरहेको चलचित्रमा सोफी धरेल नायिकाको रूपमा पहिलोपटक पर्दामा देखिँदैछिन् । उनको डेब्युसँगै फिल्मले नयाँ स्वाद दिने निर्माण पक्षको अपेक्षा छ । त्यस्तै, सौगात र सोफीसँगै अर्को प्रमुख पात्रको रूपमा सुधन पोखरेल रहेका छन् । सुधन यसअघि दुईवटा चलचित्रमा अभिनय गरिसके पनि ती रिलिज भइसकेका छैनन् । त्यसैले, मुख्य भूमिकामा सार्वजनिक हुने उनको यो पहिलो ठूलो पर्दाको अवसर हुने देखिन्छ ।

घोषणासँगै निर्माण टिमले तीनवटा क्यारेक्टर पोस्टर समेत सार्वजनिक गरेको छ ।

पहिलो पोस्टरमा सौगात मल्ल एक्लै देखिएका छन्, जसमा उनी क्यामेरा अगाडि हात जोडेर नमस्ते गर्दै उभिएका छन् । उनको गेटअप, अनुहारको भाव र प्रस्तुतिले चलचित्रमा अभिनयप्रति समर्पित पात्रको संकेत गर्छ ।

दोस्रो पोस्टरमा सौगातलाई पुरानो पुस्ताको पिसिओ (फोन बुथ)मा देखाइएको छ । उनी ल्यान्डलाइन फोनमा गम्भीर मुद्रामा कुरा गरिरहेका छन् भने सोफी धरेल रिसाएको भावमा देखिएकी छन् । सोही दृश्यले चलचित्रको कथा करिब दुई दशकअघिको परिवेशमा आधारित हुने अनुमान गर्न सकिन्छ ।

तेस्रो पोस्टरमा सुधन पोखरेल खलनायकको रूपमा प्रस्तुत छन् । चुरोट तानेको शैली, अनुहारको गम्भीरता र लुक्सले उनलाई 'डेंजरस भिलेन'को रूपमा दर्शकले चाँडै चिन्न सक्ने संकेत गर्छ ।

हालसम्म चलचित्रको पूर्ण कथा, अन्य कलाकारको विवरण तथा अतिरिक्त पक्ष बारेमा भने निर्माण टिमले केही खुलाएको छैन । तर सार्वजनिक गरिएको पोस्टर र कलाकारहरूको संयोजनले दर्शकबीच चलचित्रप्रति उत्सुकता बढाएको छ ।

'जुबा'को निर्माण र प्रदर्शन तालिका केही दिनमै सार्वजनिक गर्ने तयारी भएको बताइएको छ ।

---

NIC ASIA
एन आई सी एशिया बैंक लि.

## एन आई सी एशिया बैंक लिमिटेड

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गारी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

### धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गारिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १) | **१) ऋणी कम्पनी: इरो कन्स्ट्रक्सन प्रा.लि.,** संचालक तथा जमानीकर्ता: शेखर बैद्य<br>दर्ता नं.: तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकार उद्योग मन्त्रालय, उद्योग विभागमा, प्रा.लि.नं. १८६६/०४१,<br>दर्ता मिति: २०४१/०५/०७, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १०, नयाँ बानेश्वर | |
| | **२) ऋणी: शेखर वैद्य**<br>ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १०, नयाँ बानेश्वर,बाबु: ईन्द्र नारायण बैद्य, बाजे: लक्ष्मी नारायण बैद्य | |
| | धितोको विवरण | |
| | १) मथुरा मान श्रेष्ठकी छोरी, लक्ष्मी नारायण बैद्यकी बुहारी, ईन्द्र नारायण बैद्यकी पत्नी, काठमाडौं जिल्ला, काठमाडौं नगर पञ्चायत वडा नं. १० स्थायी ठेगाना भई हाल काठमाडौं जल्ला, का.म.न.पा. वडा नं. १०, नयाँ बानेश्वर बस्ने रोहिणी वैद्यको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० स्थित कित्ता नं. १११ र १५ को क्षेत्रफल क्रमश ०-३-२-० र ०-१५-१-२ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) इरो कन्स्ट्रक्सन प्रा.लिको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । | बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map |
| | जमानीकर्ताहरुको विवरण | |
| | १) सुजना श्रेष्ठ वैद्य २) रोहिणी बैद्य ३) इरोश बैद्य ४) शेखर बैद्य | |

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ताको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-( रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

---

# Chure Rural Municipality
# Office of the Rural Municipal Executive
## Gharkheda, Kailali

## Invitation For Electronic Bids

**Date of publication: .September 04th, 2025 (2082/05/19)**

1. Chure Rural Municipal Executive Office,Gharkheda, Kailali invites sealed bids from eligible E-bidders for the construction works as per table below under Sealed Quotation and National Competitive Biddings procedures specified in Public Procurement Act and Regulations. Only eligible E-bidders should participate in this E-bidding.

| S. N. | Contract Identification Number | Description of Work | Total Project Cost excluding VAT (NRs) | E-bid Security (NRs) | E-bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | CRM/NCB/ Works/02/082/083 | Upgrading Of Bayala-Ward Office-Dhungeni Road, Chure-06, Kailali | 42,59,383.72 /- | 1,25,000/- | 3,000/- | E-bid only |
| 2. | CRM/SQ/ Works/01/082/083 | Construction Of ThulabanAamkhore Gajari Motorable Road | 17,06,669.99 /- | 45,000 /- | 1,000/- | E-bid only |
| 3. | CRM/SQ/ Works/02/082/083 | Upgrading Of NigaliKadkiri Motorable Road | 12,82,346.48 /- | 35,000 /- | 1,000/- | E-bid only |
| 4. | CRM/SQ/ Works/03/082/083 | Construction Of Motorable Road From Ward No. 1 Melbas To Ward 4 Office | 17,06,488.26 | 45,000 /- | 1,000/- | E-bid only |

2. Bidding Document is available online and can be downloaded from e-GP system www.bolpatra.gov.np/egp. Interested Bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Information to deposit Bid Fee and Bid Security**

| For Bid Security | For Bid Document Fee |
|---|---|
| **Bank Name:** Laxmi Sunrise Bank Limited, Chure-03, Kailali<br>**Account Name:** CHURE GAUNPALIKA DHARAUTI KHATA GA 3<br>**Account Number:** 0820529963703003 | **Bank Name:** Laxmi Sunrise Bank Limited, Chure-03, Kailali<br>**Account Name:** CHURE GAUNPALIKA ANTARIK RAJASWO KHATA GA 1.1<br>**Account Number:** 0820529963706006 |

**Chief Administrative Officer**

---

## कतारमा रोजगार

कम्पनी: **IRIS CONSTRUCTION AND TRADING WLL** शहर: **Doha**
पूर्व स्वीकृत मिति: २०८१/०७/०९ चलानी नं.: ६०२२७१७१ L.T. No.: 312702 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६९,५१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Finishing & Shuttering Carpenter | 15 | 0 | | 1200 | ४,६३,४४ | | | | | | | |
| 3. | Labour | 52 | 0 | | 1000 | ३८,६२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २६ र २७ गते (11 & 12 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**STARIS HR SERVICES PVT. LTD.** श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762 , CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

---

## यूएईमा रोजगार

कम्पनी: **SUYOG BUILDING MAINTENANCE AND CLEANING** शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८२/०५/२८ चलानी नं.: ६०२४४३८१ LT. No.:330623

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 7 | 15 | स. काममा दक्ष | 1200 | ४५,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २६ गते ( 11 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**CAREERLINK RECRUITMENT SERVICES PVT.LTD.** Gov Lic No: 1625/079/080
Basundhara- 3,Kathmandu, Nepal. Tel.: 01-5916337,5916437. Mobile: 9860949577
Email: info@careerlinkrecruitment.com URL : www.careerlinkrecruitment.com
Way to a success career
Iso 9001-2015 Certified Recruitment Agency

---

## ZERO COST RECRUITMENT OPPORTUNITY FOR SAUDI !!
## शून्य लागत अन्तर्गत साउदीमा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

**Employer Company : SAED INTERNATIONAL FOR ISTIGDAM.** **City : Saudi Arabia**
**रोजगारदाता कम्पनी: सइद इन्टरनेशन्ल फर इन्स्गिड्याम** **शहर: साउदी अरेबिया**

| पूर्व स्वीकृत मिति: २०८२/०५/१८ | चलानी नं: ६०२४४३३३ | एल टि नं : ३३०५५७ |
|---|---|---|
| Pre Approval Date: 2025-09-03 | Invoice No.: 60244333 | LT No.: 330557 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | माग संख्या Required No's: महिला Fe-male | निम्नतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary: SR | मासिक तलब Monthly Salary: ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्नेदिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facil-ity | बस्ने सुविधा र यातायत सुविधा Accomo-dation Facility & Transpor-tation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Men वेयरहाउस वर्कर | 100 | 0 | Basic English Communica-tion Skills Required आधारभूत अँग्रेजी भाषा | 1100 | ४१,२६१ | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the compa-ny rule | SAR 300/- ३००/- | छ Yes | दुई वर्ष र नविकरण 2 years and renew-able |

**Employment Terms and Condition / रोजगार नियम र सर्तहरू**

1. Nature of Job: Receiving, storing, picking, packing, and shipping goods while ensuring inventory accuracy and smooth warehouse operations.
कामको प्रकृति : सामान प्राप्त गर्ने, भण्डारण गर्ने, टिप्ने, प्याक गर्ने र ढुवानी गर्ने काम गर्दा सूचीको शुद्धता र सहज गोदाम सञ्चालन सुनिश्चित हुन्छ।
2. Overtime shall be voluntary. Overtime Payment Calculated as: Salary x 1.5
ओभरटाइम स्वेच्छिक हुनेछ । ओभरटाइम भुक्तानी गणना : तलब x १.५
3. Rest Day: One day in a week in accordance to the labor law of Saudi Arabia.
विश्राम दिन : साउदीको श्रम कानून अनुसार हप्तामा एक दिन ।
4. Public Holiday: As per Saudi's Gazetted holidays.
सार्वजनिक बिदा : साउदीको राजपत्रित बिदा अनुसार ।
5. Annual Leave: 21 days per year.
वार्षिक बिदा : २१ दिन प्रति वर्ष ।
6. Sick Leave & Hospitalization leave:30 days of paid medical leave available upon submission of valid medical certificates
बिरामी बिदा: चिकित्सा प्रमाणपत्र पेश गरेपछि ३० दिनको तलबी चिकित्सा बिदा उपलब्ध छ ।
7. Medical and Accident Insurance: Medical Insurance provided by the company along with Insurance from GOSI (in case of onduty casualties ) provided.
GOSI बाट बीमा सहित कम्पनीद्वारा प्रदान गरिएको चिकित्सा बीमा (अनड्युटी हताहतको अवस्थामा) प्रदान गरिएको छ । साउदी सरकारले अपनाएको कुनै पनि अन्य बीमा योजना जुन नीयोक्ताद्वारा बीमा गरिनेछ ।
8. Grievance channels and reporting mechanisms are maintained, ensuring without fear of retaliation
प्रतिशोधको डर बिना सुनिश्चित गर्दै गुनासो च्यानलहरू र रिपोर्टिङ संयन्त्रहरू राखिएका छन् ।
9. Freedom of movement and allowed to repatriate without any deposits.
आवतजावतको स्वतन्त्रताको अधिकार / कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सामाजिक सुरक्षा कोष लागत व्यवस्थापन Management oF Social Security Fund cost | सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear service charge |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने<br>उमेर १८ देखि ३५ : ने.रु.३७०८/-<br>उमेर ३६ देखि ५० : ने.रु.४९३१/-<br>उमेर ५१ देखि ६४ : ने.रु.९४६३/-<br>By the Employer<br>Age 18 to 35 : NPR 3708/-<br>Age 36 to 50 : NPR 4931/-<br>Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००/- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००/- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

**Pre-selection process at IMR office is continuously being conducted.**
**आइएमआर अफिसमा प्रिअन्तर्वार्ता निरन्तर सञ्चालन भइरहेको छ ।**
**Final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 11 & 12 September 2025.**
**फाइनल अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति २०८२ साल भदौ २६ र २७ गते हुनेछ ।**

**ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब आवेदकहरु, आवेदकको परिवार तथा आफन्तबाट कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने, जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने।**
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions,no forced savings, no bonds, no cash deposits or any form of fees shall be paid by the candidate or his/her family or relatives.

Note: **(नोटः)**
1. This is an zero-cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment and IMR and its employees are not authorized to accept any gift, cash, in order for the applicants to secure a job.
१. यो शुन्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन । साथै कुनैपनि आवेदकको जागिर सुनिश्चितताको लागि आइएमआर र यसका कर्मचारीहरुलाई कसैसँग पनि कुनैपनि किसिमको उपहार तथा नगद लिने अधिकार छैन ।
2. Mandatory attendance at pre-screening orientation and preselection is required for all aspiring applicants, with only those preselected being considered for the final interview.
२. सबै इच्छुक आबेदकहरु पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन प्रक्रियामामा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ । पूर्वचयनित उम्मेदवारहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
3. This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.
३. यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभावविना स्वतन्त्ररुपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ ।
4. For age verification during the pre-screening process, all applicants are kindly requested to bring at least two government issued original identity document. For example: citizenship card, existing passport (if any), national identity card, voter's card, driving license, etc.
४. पूर्वचयन प्रक्रियामा उमेर प्रमाणीकरणको लागि सबै आवेदकहरुलाई कम्तिमा दुईवटा नेपाल सरकारले जारी गरेको परिचय खुल्ने सकल कागजात ल्याउन अनुरोध गरिन्छ । जस्तैः नागरिकता, राहदानी (यदि छ भने), राष्ट्रिय परिचय पत्र, मतदाता परिचय पत्र, चालक अनुमति पत्र, इत्यादि ।

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् / Beware of Illegal Recruiters**

**धोखाधडी, गैरकानूनी गतिविधि वा भ्रष्टाचार विरुद्ध IMR को हटलाइन +९७७ ९८०११३७७६९ मा रिपोर्ट गर्न स्वतन्त्र महसुस गर्नु वा grievance@imrsolution.com मा इमेल गर्नुहोस्। हामी तपाईको गोपनीयता कायम राख्नेछौं ।**

Feel free to report against froud, illegal activities or corruption in IMR's hotline +9779801137769 or email at grievance@imrsolution.com.We shall maintain your confidentiality.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**Information provided by the Department of Foreign Employment (DOFE):** 1. Confirm that visa is issued under your name. 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement. 4. Before going abroad orientation or induction training should be attended compulsorily. 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same. 6. While going abroad use International Airport of Nepal or else you might be deceived. 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

License No. 309/059/060
**International Manpower Recruitment (P) Ltd.**
Gwarko 7, Lalitpur, Nepal, Tel.: 01-5204346,5204347, 5204348,
Mobile No.: +977 9810194993/9862283838 (9am-5pm)
For Location:

# बढी भाडा असुल्नेमाथि सांसदको चासो

## कारबाहीको गरे माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ भदौ



सांसदहरूले चाडपर्व निजिकिएसँगै यातायत सहज रूपमा सञ्चालन गर्न सरकारलाई ध्यानाकर्षण गराएका छन्। दसैं-तिहारमा काठमाडौं उपत्यकाबाट बाहिरिने यात्रुहरूको चापको मध्यनजर गर्दै सिटभन्दा बढी यात्रु राख्ने, तोकिएको भाडाभन्दा बढी असुल्नेलगायतका गतिविधि बढ्ने भएकाले कडा निगरानी गर्न माग सांसदहरूले गरेका छन् ।

बुधबार प्रतिनिधिसभाको बैठकको शून्य समयमा सांसद शोभा ज्ञवालीले चाडपर्व निजिकिएसँगै यात्रुलाई सहज रूपमा यात्राको व्यवस्था मिलाउन ध्यानाकर्षण गराइन् । उनले बस व्यवसायीले तोकिएको भाडाभन्दा बढी असुल्ने, यात्रुहरूलाई धम्की दिनेजस्ता सास्ती यात्रुहरूले भोग्नुपरेको बताइन् ।

सांसद शान्ति चौधरीले दसैंमा घर फर्किनका लागि अग्रिम टिकट बुकिङमा पनि यात्रुहरू ठगिनुपरेको भन्दै महँगो भाडा लिने, सिटभन्दा बढी यात्रु राख्ने गरिएको बताइन्। उनले बर्सातका बेला बाटो बिग्रेकाले यथाशीघ्र निर्माण कार्यमा ध्यान दिनुपर्ने बताइन् ।

सांसद सीता गुरुङले नजिकिँदो चाडपर्वमा दैनिक उपभोग्य खाद्यवस्तु र लत्ताकपडामा कृत्रिम अभाव सिर्जना गराउने सम्भावना भएकाले अनुगमन गर्न प्रभावकारी टिम बनाउन माग गरिन् । उनले बिग्रेको बाटो निर्माणमा प्राथमिकता दिन, चाडपर्वका बेला सडक र हवाई यातायातमा सहज टिकटको व्यवस्था गर्न र मनपरी भाडा असुल्नेलाई कडा अनुगमन गर्न माग गरिन् ।

सांसद सरस्वती बजिमयले भने सरकारले इम्बोस्ड नम्बर प्लेटमा नेपाली अक्षरमै लेख्न र तिनुपर्ने राजस्वलाई घटाउन आग्रह गरिन् । त्यस्तै, सुहाङ नेम्वाङले इम्बोस्ड नम्बर प्लेट जोड्ने निर्णय जनतालाई थप सास्ती दिने निर्णय भएको बताउँदै यो निर्णय स्थगित गरी आवश्यक पूर्वाधार, प्रविधिलाई सुनिश्चित गरी मात्र चरणबद्ध रूपमा अघि बढाउनुपर्ने माग गरे ।

# दुग्ध उत्पादक किसानको बक्यौता कात्तिकभित्र दिने सहमति



**काठमाडौं/मस–** दुग्ध उत्पादक किसानको आन्दोलन तत्कालका लागि स्थगित भएको छ ।

बुधबार सरकार र आन्दोलनरत दुग्ध संघ-संस्थाबीच ६ बुँदे सहमतिपछि किसानहरूको आन्दोलन स्थगित भएको हो । किसानहरूले सरकारी संस्था दुग्ध विकास संस्थानबाटै १ अर्ब भुक्तानी लिन बाँकी छ भने निजी डेरीबाट समेत किसानहरू दुधको रकम नपाएपछि आन्दोलनमा उत्रिएका थिए । किसानको सबैभन्दा बढी बक्यौता दुग्ध विकास संस्थानसँग रहेको छ । सहमतिअनुसार गत असारसम्मको बक्यौता रकम आगामी असोज ५ गतेभित्र, साउन महिनासम्मको बक्यौता रकम असोज ३० गतेभित्र र भदौ महिनासम्मको बक्यौता रकम आगामी कात्तिक मसान्तभित्र भुक्तानी गर्ने सहमति भएको नेपाल डेरी एसोसिएसनको अध्यक्षमा प्रल्हाद दाहाल जानकारी दिए । त्यस्तै, दुग्ध उत्पादक सहकारी संस्थाहरूबाट लिइरहेको दुधको परिमाणमा कटौती नगर्ने र कात्तिक मसान्तभित्र सम्पूर्ण बक्यौता चुक्ता गर्ने सहमति भएको छ । त्यस्तै, सरकारले कृषकको दुधको न्यूनतम खरिद मूल्यमा देशैभरका उद्योगबाट दुध खरिद गर्ने गराउने सहमति भएको छ ।

# दुसित थानी हिमालयन रिसोर्टले आइपिओ जारी गर्ने




**काठमाडौं/मस–** ओमस्टोन होटेल्स लिमिटेड (दुसित थानी हिमालयन रिसोर्ट)ले प्रारम्भिक साधारण सेयर निष्कासन आइपिओ जारी गर्ने भएको छ । आइपिओ जारी गर्न रिसोर्ट र सिटिजन्स क्यापिटल लिमिटेडबीच साधारण सेयर निष्कासन तथा बिक्री प्रबन्धक नियुक्तिसम्बन्धी सम्झौता भएको हो ।

सम्झौताअनुसार सिटिजन्स क्यापिटलले दुसित थानीको प्राथमिक सेयर सार्वजनिक निष्कासनका लागि बिक्री प्रबन्धकको कार्य गर्नेछ । सो सम्झौतामा दुसित थानीको तर्फबाट अख्तियार प्राप्त प्रबन्ध निर्देशक रमेशकुमार हमाल र सिटिजन्स क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले हस्ताक्षर गरेका हुन् ।

सम्झौता कार्यक्रममा संस्थापकका तर्फबाट प्रमुख विदेशी लगानीकर्ता विष्णु मोरको उपस्थिति पनि रहेको थियो ।

सन् २०२३ को चौथो त्रैमासिकदेखि सञ्चालनमा आएको दुसित थानी हिमालयन रिसोर्ट काभ्रेपलाञ्चोक स्थित पाल्लेखेत, धुलिखेलमा अवस्थित छ । दुसित थानीले नेपालसहित विभिन्न १८ वटा देशमा सेवा प्रदान गर्दै आइरहेको छ र नेपालमा दुसित थानी हिमालयन रिसोर्ट (ओमस्टोन होटेल्स लिमिटेड)ले यसको प्रतिनिधित्व गरेको छ ।

## कर्पोरेट समाचार

# एनआइसी एसियाका ग्राहकलाई माउन्टेन भिस्टामा छुट



**काठमाडौं/मस-** एनआइसी एसिया बैंकका ग्राहकलाई नगरकोटस्थित माउन्टेन भिस्टा रिट्रिटको सेवामा विशेष छुट उपलब्ध हुने भएको छ । बैंक र होटलबीच बैंकका ग्राहकले होटलमा सेवा लिँदा १० प्रतिशत छुट पाउनेगरी सम्झौता भएको हो ।

सम्झौताअनुसार ग्राहकले होटलमा उपलब्ध सेवा उपयोग गर्दा सो छुट प्राप्त गर्न सक्नेछन् । छुट लिनका लागि बैंकका ग्राहकले डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड र मोबाइल बैंकमार्फत भुक्तानी गर्नुपर्ने बैंकले जनाएको छ ।

# नेपाल इन्भेस्टमेन्ट मेगाले एनएमए सदस्यलाई छुट दिने



**काठमाडौं/मस-** नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेडले नेपाल मेडिकल एसोसिएसन (एनएमए)का सदस्यलाई सेवामा विशेष छुट दिने भएको छ। बैंक र एनएमएबीच एसोसिएसनका सम्पूर्ण सदस्यहरूलाई विभिन्न सेवामा छुट दिने विषयमा सम्झौता भएको हो ।

एसोसिएसनका सदस्यलाई लक्षित गरी बैंकको २ सय ७५ वटा शाखामार्फत प्रोफेसनल बचत खाता खोली १० लाखको दुर्घटना बिमा सुविधासहित अन्य व्यावसायिक कर्जा, साना तथा मझौला कर्जा, क्लिन सोसल कर्जा, व्यक्तिगत कर्जा, सवारी तथा घर कर्जा र डेबिट/क्रेडिट कार्ड, मोबाइल बैंकिङमा विशेष छुटको व्यवस्था गरिएको बैंकले जनाएको छ ।

बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डे र एनएमएका तर्फबाट अध्यक्ष डा. अनिलविक्रम कार्कीले सम्झौतामा हस्ताक्षर गरेका छन् ।

# टाटा मोटर्सको नयाँ सोरुम धनगढीमा विस्तार




**काठमाडौं/मस-** टाटा मोटर्सको नेपालका लागि आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले सुदूरपश्चिम प्रदेशको धनगढीमा नयाँ सोरुम विस्तार गरेको छ । कम्पनीले जिएआरएस ट्रेडिङ कन्सर्नलाई डिलर चयन गर्दै धनगढीस्थित बोराडाँडीमा नयाँ सोरुम विस्तार गरेको हो ।

मंगलबार सिप्रदीका सिनियर डिलर म्यानेजर मेघराज ढुंगेल, जिएआरएस ट्रेडिङ कन्सर्नका प्रबन्ध निर्देशक अशोक पाण्डेले संयुक्त रूपमा सोरुमको उद्घाटन गरेका थिए । साथै, सो समारोहमा स्थानीय समुदाय, व्यावसायिक प्रतिनिधि र ग्राहकहरूको पनि उपस्थिति थियो ।

नयाँ सोरुममार्फत अब सुदूरपश्चिम क्षेत्रभरका ग्राहकले टाटा मोटर्सका विद्युतीय मोडलहरू-टाटा टियागो इभी, पन्च इभी, नेक्सनके३ इभी र कर्भ इभी-सजिलै खरिद गर्न सक्ने जनाइएको छ । त्यस्तै, आइसिई मोडलअन्तर्गत टाटाका टियागो, पंच, नेक्सन र सफारी पनि यस सोरुममार्फत उपलब्ध हुने कम्पनीले जनाएको छ ।

# नेप्से परिसूचक १५ अंकले घट्यो



**काठमाडौं/मस–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक १५ दशमलव ६४ अंकले घटेर दुई हजार ७२६ दशमलव ३३ को बिन्दुमा कायम भएको छ। बुधबार ३ सय २६ कम्पनीको १ करोड १३ लाख ४५ हजार ९ सय ९४ कित्ता सेयर ६८ हजार ५ सय ९४ पटक खरिदबिक्री हुँदा कारोबार रकम ४ अर्ब ७२ करोड ८० लाख ५२ हजार ८ सय ६० मा खुम्चिएको हो ।

बुधबारको कारोबारमा म्युचुअल फन्ड शून्य दशमलव २२ र व्यापार समूह शून्य दशमलव शून्य ७ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घट्यो। बैंकिङ शून्य दशमलव ५५, विकास बैंक शून्य दशमलव ८५, वित्त शून्य दशमलव ७६, होटल तथा पर्यटन शून्य दशमलव ९३, जलविद्युत् शून्य दशमलव ९३, लगानी शून्य दशमलव ५४ र जीवन बिमा शून्य दशमलव ५६ प्रतिशतले घटेको छ ।

त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४०, लघुवित्त शून्य दशमलव ६९, निर्जीवन बिमा शून्य दशमलव ३९ र अन्य समूह शून्य दशमलव २७ प्रतिशतले घट्यो । हिमस्टार ऊर्जा कम्पनी लिमिटेडको सेयर मूल्यमा बुधबार सकारात्मक सर्किट लागेको थियो । सबैभन्दा बढी लिबर्टी इनर्जी कम्पनी लिमिटेडको सेयर मूल्य ६ दशमलव ९९ प्रतिशतले घट्यो ।

कारोबार रकमका आधारमा बुधबार सबैभन्दा बढी युनियन हाइड्रोपावर लिमिटेडको ३३ करोड ८० लाख २२ हजार ५ सय २४ बराबरको सेयर किनबेच भयो । त्यस्तै, कारोबार भएका सेयर संख्याका आधारमा भने सबैभन्दा बढी लिबर्टी इनर्जी कम्पनी लिमिटेडको १२ लाख ११ हजार ६६ कित्ता सेयर खरिदबिक्री भएको थियो ।

**Tilottama Municipality**
**Office of the Municipal Executive**
**Urban Resilience and Livability Improvement Project (URLIP)**
**Project Implementation Unit (PIU)**
**Kunjalapur, Manigram, Rupandehi**
**Lumbini Province, Nepal**

**Notice of Intention for Award of Contract**

**First Date of Publication: September 4, 2025 (2082/05/19)**

To: M/S. LONGJIAN-SAGUN J.V.
Attention: Mr. Sahadev Khadka
Address: Butwal-13, Rupandehi
Telephone: 071-424224
E-mail Adress:- sagunconstruction2015@gmail.com

This is to notify you of our intention to award the contract URLIP/TT/CW-01, Drainage, Road, Footpath and Road Furniture of Tilottama Municipality. You have seven (7) days from the date of this notification to (i) request for a debriefing in relation to the evaluation of your Bid; and/or (ii) submit a bidding-related complaint in relation to the intention for award of contract, in accordance with the procedures specified in ITB 46.1.

The summary of the evaluation are as follows:

**1. List of Bidders**

| Name of Bidder | Bid Price as Read out at Opening NRs. | Evluated Bid Price including VAT & PS After Discount NRs. |
|---|---|---|
| LONGJIAN-SAGUN J.V., Rupandehi | 92,52,77,316.94 | 81,44,67,112.3 |
| KALIKA-RAYAMAJHI J/V, kathmandu | 93,46,80,512.9 | 93,46,80,512.9 |
| VBEPL-KANKAI J/V, Jhapa | 99,80,83,445.2 | 99,80,83,445.2 |
| ASHISH-LAMA J/V, Chitwan | 1,11,41,57,931 | 1,11,41,57,931 |

**2. Reason/Why your bid was Unsuccessful**

- Not Applicable

**3. The Successful Bidder**

| | |
|---|---|
| **Name of Bidder** | LONGJIAN-SAGUN J.V. |
| **Address** | Butwal-13, Rupandehi |
| **Accepted contract amount** | NRs. 81,44,67,112.3 |
| **Duration of contract** | 730 days |
| **Scope of the contract awarded** | Drainage, Road, Footpath and Road Furniture of Tilottama Municipality |
| **Amount Performance security required** | NRs. 13,36,00,000.00 |

**PIU, URLIP, Tilottama**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**